# गौर हत्याकाण्डको अनुसन्धान अघि बढाउन सर्वोच्चको आदेश

**सर्लाही अपडेट संवाददाता**
**सर्लाही, २४ मंसिर**



सर्वोच्च अदालतले १८ वर्षअघिको बहुचर्चित गौर हत्याकाण्डमा संलग्नहरुमाथि अनुसन्धान अघि बढाउन प्रहरीलाई आदेश दिएको छ।गौर हत्याकाण्ड संलग्नलाई अनुसन्धान र कारवाहीको दायरामा ल्याउनुपर्ने भनी दायर भएको रिट निवेदनमाथि सुनुवाइपछि सर्वोच्च अदालतले २ भदौ, २०८२ मा अनुसन्धान अघि बढाउन आदेश दिएको हो ।

सर्वोच्च अदालतले यसैसाता सो आदेशको पूर्णपाठ सार्वजनिक गरेको हो ।सर्वोच्च अदालतको फैसलासँगै प्रहरीले अनुसन्धान अघि बढाएमा तत्कालीन मधेशी जनअधिकार फोरमका अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादव लगायतका नेताहरु अनुसन्धानको दायरामा आउनेछन् । राष्ट्रिय मानव अधिकार आयोगले पनि उनी लगायतमाथि अनुसन्धान अघि बढाउन सरकारलाई निर्देशन दिएको थियो ।

सर्वोच्च अदालतले सार्वजनिक गरेको निर्णयको पूर्णपाठमा भनिएको छ, 'त्रिभुवन साह समेतको दरखास्तमा अविलम्ब अनुसन्धान बढाइ उचित निष्कर्षमा पुग्न जिल्ला प्रहरी कार्यालय गैतहट समेतका नाममा समेत आदेश जारी हुने ठहर्छ ।'गौर घटनाका घाइतेमध्येका एक त्रिभुवन साह । कतिपय मृतकका आफन्त लगायतले दोषीमाथि कारवाही हुनुपर्ने भनी सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए। मृतकका आफन्त तथा घाइतेहरुले जिल्ला प्रहरी कार्यालय, गैटहटमा जाहेरी दिदा समेत कुनै छानविन अघि नबढेका भन्दै प्रश्न उठाएका थिए ।

गौर घटनामा सामूहिक रुपमा व्यक्तिहत्याको कसुरमा जाहेरी दर्ता भएकोमा अनुसन्धान अघि नबढेको भन्दै सर्वोच्च अदालतले प्रहरीको भूमिकामा प्रश्न उठाएको हो । अनि मुद्दामा विपक्षी बनाइएकाले प्रहरी मुख्यालय, गृह मन्त्रालय लगायतका नाममा समेत सर्वोच्च अदालतले अनुसन्धान अघि बढाउन आदेश दिएको हो ।न्यायाधीशहरु तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको इजलासले जारी गरेको आदेशमा भनिएको छ, 'जाहेरी दर्ता गराएकोमा अनुसन्धान अगाडि नबढाएको कार्य मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले प्रहरीलाई तोकेको कानूनी कर्तव्य विपरीत देखिन आयो ।'

## सोझै तानिनेछन्, उपेन्द्र यादव

१८ वर्ष पुरानो गौर घटनामा मुछिएका प्रमुख व्यक्ति हुन्, तत्कालीन मधेशी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव ।

पटकपटक मन्त्री र उपप्रधानमन्त्री भइसकेका उनी हाल जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष छन् । कतिपय अध्ययनहरुले यादवकै भूमिकाका कारण गौर नरसंहार भएको निष्कर्ष निकालेका थिए । सर्वोच्च अदालतको यो आदेशपछि उपेन्द्र यादव तत्काल अनुसन्धानको दायरामा पर्ने निश्चितजस्तै छ। किनभने कतिपय अध्ययन र अनुसन्धानले घटना हिंसात्मक हुनुमा यादवलाई जिम्मेवार मात्रै ठह्र्याएको छैन, उनीमाथि अनुसन्धान नै गरी मुद्दा चलाउनुपर्ने भनेको छ ।राष्ट्रिय मानव अधिकार आयोगले उपेन्द्र यादवको नामै किटेर उनी लगायतमाथि अनुसन्धान गरी मुद्दा दायर गर्नुपर्ने भनेको थियो । आयोगले आफ्नो निष्कर्षमा भनेको थियो, 'घटनामा जिल्ला प्रहरी कार्यालय गैतहटमा दर्ता भएका जाहेरीमा नाम उल्लेख भएका र सरकारद्वारा गठित गौर घटना जाँचबुझ आयोगको प्रतिवेदन २०६४ ले दोषी भनी उल्लेख गरेका तपसील बमोजिमका व्यक्तिहरू माथि तहकीकात छानबिन गरी दोषी देखिएका व्यक्तिहरू उपर मुद्दा चलाउनुपर्ने देखियो ।

तपसीलमा रहेको सूचीमा यादवको पनि नाम छ । गौर हत्याकाण्डपछि छानबिनका लागि सरकारले जाँचबुझ आयोग गठन गरेको थियो । आयोगले जाहेरी परेको एव घटनामा संलग्न भनी उनीहरूको नाम किटेको थियो ।७ चैत २०६३ मा मा गैटहटको गौरस्थित राइसमिलको चौरमा भएको झडपमा माओवादीका २७ जना कार्यकर्ता मारिएका थिए भने सयभन्दा बढी घाइते भएका थिए ।

त्यो दिन मधेशी जनअधिकार फोरम र माओवादीले एकै समयमा एकै ठाउँ कार्यक्रम आयोजना गरेका थिए ।लामो समयदेखि कुनै अनुसन्धान अघि नबढेको मानवअधिकार आयोगले तीन वर्षअघि अनुसन्धान अघि बढाउन निर्देशन दिएको थियो। आयोगले जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव सहित १३० जनामाथि अनुसन्धान अघि बढाउनु भनेको थियो ।

## प्रहरीकै भूमिकामा प्रश्न

सर्वोच्च अदालतले यसैसाता सार्वजनिक गरेको फैसलाको पूर्णपाठमा जाहेरीमाथि अनुसन्धान नै नगर्ने प्रहरीको भूमिकामाथि गम्भिर प्रश्न छ। जाहेरी दर्ता र अनुसन्धानको विषयलाई प्रहरीले ऐच्छिक बनाएको हो भने सूचना र न्याय पाउने पीडितहरूको हक निस्तेज हुने भन्दै सर्वोच्च अदालतले प्रहरीको स्वेच्छाचारी भूमिकामाथि प्रश्न उठाएको हो ।

पूर्णपाठ नै सार्वजनिक भएकाले प्रहरीलाई गौर हत्याकाण्डको

बाँकी पृष्ठ ४ मा


## चन्द्रनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर, सर्लाही
मधेश प्रदेश, नेपाल

### चार पाङ्ग्रे सवारी साधन भाडामा लिने सम्वन्धी सूचना

प्रथम पटक सुचना प्रकाशित मिति : २०८२/०८/२५ गते

यस चन्द्रनगर गाउँपालिकाको स्वीकृत योजना तथा कार्यक्रमहरुको स्थलगत अनुगमन निरिक्षण गर्ने, प्रकोप व्यवस्थापन निर्माण कार्य व्यवस्थापन लगायतका कार्यको लागी चार पाङ्ग्रे गाडी आवश्यक पर्ने भएकोले कम्तीमा ८ (आठ) जना ड्राइभर सहित बस्न सक्ने क्षमता भएका सवारी साधन आ.व. २०८२/२०८३ असार मसान्त सम्मको लागी भाडामा लिने निर्णय भएकोले मासिक के कति दररेटमा सवारी साधन उपलब्ध गराउन सक्ने हो तोकिए बमोजिमको फारम भरी भाडामा दिन ईच्छुक सवारीधनीले आवश्यक कागजात सहित देहाय अनुसारको शर्तको अधिनमा रही तोकिएको समय भित्र रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सुचित गरिन्छ ।

१. दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि तपसिलमा उल्लेख भए बमोजिमको मिति सम्म व्यक्ति फर्म कम्पनीको लिखित निवेदन पेश गरी यस कार्यालयको राजस्वबाट तपसिल बमोजिमको दस्तुर बुझाई (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र तपसिलमा उल्लेखित मिति र समय भित्र यस कार्यालयको प्रशासन शाखामा शिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ ।

३. दर्ता हुन आएका शिलबन्दीमा तपसिलमा उल्लेखित मिति र समयमा कार्यालयमा दरभाउ पत्र दाताको उपस्थितमा खोलिनेछ तर दरभाउ पत्र दाताका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

**शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्ने कागजातहरु :**

१. सवारी नविकरण भएको ब्लुबुक सवारी दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि १ ।
२. सवारी चालकको नविकरण भएको चालक अनुमतिको प्रमाण पत्रको प्रतिलिपि १ ।
३. विमा भएको प्रमाणको प्रतिलिपि १ ।
४. फर्मको हकमा फर्म दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि १ र आव २०८१/२०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

**तपशिल**

| दरभाउ पत्र नं. | कामको विवरण | स्पेशीफिकेशन | दरभाउ पत्र खरिद गर्ने शुरु र अन्तिम मिति र समय | दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउ पत्र खोलिने मिति र समय | दर भाउपत्र फाराम दस्तुर रु |
|---|---|---|---|---|---|---|
| १. CNG २०८२/०८ | चार पाङ्ग्रे सवारी साधन भाडामा लिने | कम्तीमा ८ (आठ) सिट क्षमता भएका, ए.सी जडान भएको १३०० सिसि भन्दा माथिको २०१८ मोडेलदेखि २०२५ मोडल सम्म गाडी, नेपालीमा दर्ता कायम भएको | २०८२/०८/२५ गते देखि २०८२/०९/१० गते अपराह्नको ४:०० बजेसम्म | २०८२/०९/११ मध्यान्ह १२:०० बजे सम्म | २०८२/०९/११ अपरान्ह २:०० बजे | १०००/- एक हजार मात्र |

नोटः- दर भाउ खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा भएमा भोलिपल्ट खरिद गर्न सकिनेछ ।

-प्रमुख प्रशासकिय अधिकृत